नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# विद्युत विकास विभाग

(अनुमतिपत्र महाशाखा)

फोन नं. ४५३४११९
४५११५३७
४५१९५०१

फ्याक्स (९७७-१)-४५३९९०३
पोष्ट बक्स नं. २५००७
सानोगौचरण काठमाडौं, नेपाल


पत्र संख्या :- ०८३/८४
च. नं. :- ११

मिति: २०८३/०४/०४

**विषय : तल्लो खोरुङ्गा खोला ज.वि.आ. सम्बन्धमा ।**

श्री आई.डि.एस.इनर्जी प्रा.लि.
हेरीटेज प्लाजा, काठमाण्डौ ।
फोन.नं.०१-४१६९११६

उपरोक्त सम्बन्धमा तहाँलाई तल्लो खोरुङ्गा खोला जलविद्युत आयोजना (५.५ मे.वा.) को विद्युत उत्पादनको अनुमतिपत्र (वि.उ.१६५) नेपाल सरकार, ऊर्जा मन्त्रालय(सचिवस्तर)को मिति २०७३/०४/१२ गतेको निर्णयानुसार जारी भई उक्त आयोजनाको विद्युत खरिद बिक्री सम्झौता समेत सम्पन्न भैसकेको अवस्था छ। यस आयोजनाको हकमा विद्युत खरिद बिक्रीको सुनिश्चितता भैसकेर तहाँबाट वित्तीय व्यवस्थापन सम्पन्न गरी हाल सम्म पेश नभएको र अनुमतिपत्र जारी भएको १०(दश) वर्षको समय गुज्रिसक्दा समेत निर्माण कार्यको प्रगति सन्तोषजनक हुन सकेको देखिएन। अनुमतिपत्र प्राप्त गरेर निर्माण कार्य सन्तोषजनक नभएका आयोजनाहरु मध्येको यस आयोजनालाई समेत विभागबाट मिति २०८३/०१/०४ गते जारी गरिएको सूचना बमोजिम यस आयोजनाको प्रगति विवरण तथा विभाग समक्ष प्रस्तुतीकरणका लागि पत्राचार गर्दा समेत तहाँबाट प्रगति विवरण पेश नभएको र प्रस्तुतीकरणको लागि समेत उपस्थित भएको देखिदैन । यस आयोजनाको निर्माण कार्यको भौतिक प्रगति हालसम्म पनि सन्तोषजनकरूपमा अघि बढेको देखिएन। विद्युत खरिद बिक्री सम्झौता भई अनुमतिपत्र प्राप्त गरेको १० वर्षको समय गुज्रिसक्दा समेत वित्तीय व्यवस्थापन सम्पन्न गरी पेश नगरेको र निर्माण कार्यको भौतिक प्रगति सन्तोषजनकरूपमा अघि नबढेकोले विद्युत ऐन, २०४९ को दफा ८(२) बमोजिम यस आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्र (वि.उ.१६५) रद्द गर्नुपर्ने अवस्था देखिएको हुँदा विद्युत ऐनको दफा ८(३) बमोजिम रद्द गर्नुनपर्ने कुनै आधार र कारण भए १५ (पन्ध्र) दिन भित्र सफाई पेश गर्नुहुन विभागको मिति २०८३/०३/३२ गतेको निर्णयानुसार अनुरोध गरिन्छ।

(पुनम पाण्डे)
इन्जिनियर